**निर्वाचित जनप्रतिनिधीहरुको पद बहाली पश्चातका २ वर्षमा भएका महत्वपूर्ण कार्यहरु :**

१. **सिन्धुलीगढी पुन निर्माण तथा संरक्षण :**

- विस्तृत गुरुयोजना निर्माण
- रानी दरबारको डिजाइन, नक्सा तथा लागत अनुमान तयारी सम्पन्न
- घेराबेराको कार्य सम्पन्न
- नगर प्रहरी इकाईको स्थापना
- शौचालय निर्माण कार्य सम्पन्न

२. नगरक्षेत्र भित्र विपद्मा परि ज्यान गुमाएकाको परिवारलाई प्रतिव्यक्ति रु. १० हजार उपलब्ध गराउने नीतिगत व्यवस्था ।

३. सबै वडा कार्यालयहरुबाट आ.व. २०७६/०७७ बाट अनलाइन सेवा शुरु गर्नको लागी तयारी अन्तिम चरणमा पुगेको ।

४. एकीकृत शहरी विकास योजना निर्माण कार्य सम्पन्न भई ५ वर्षे आवधिक योजना तयारीको कार्य शुरु गर्न लागिएको ।

५. **विस्तृत आयोजना प्रतिवेदन (DPR) तर्फ**

- अन्तर स्थानिय तह तथा अन्तर जिल्ला जोड्ने महत्वपूर्ण ५ वटा सडकको प्रतिवेदन तयारी सम्पन्न १ वटाको अन्तिम चरणमा रहेको ।
- नगर सभाहलको प्रतिवेदन निर्माण अन्तिम चरणमा रहेको ।
- कमलामाई मन्दिरमा पिकनिक स्पट निर्माणको प्रतिवेदन निर्माण अन्तिम चरणमा ।
- कमला नदी नियन्त्रणको प्रतिवेदन तयारीका लागी सर्भेको कार्य शुरु भएको ।
- भिमान बसपार्कको प्रतिवेदन निर्माण कार्य सम्पन्न ।
- चदाहा दोभान पार्क निर्माणको प्रतिवेदन तयारी सम्पन्न ।
- नगर क्षेत्र भित्र विद्युतिकरणको लागी आवश्यक प्रतिवेदन तयारी ।
- जनमैत्री खानेपानीको प्रतिवेदन तयारी ।

६. उज्यालो नगरको अवधारणालाई साकार पार्ने क्रममा नगरक्षेत्र भित्र विद्युत विस्तारको लागी आवश्यक सामाग्री खरिद कार्यको लागी आपूर्तिकर्ता सँग सम्झौताको चरणमा रहेको । आगामी आ.व. मा नगरपालिकाका सबै वडामा विद्युतिकरणको कार्य सम्पन्न गरिने लक्ष्य रहेको ।

७. नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा १ शव बाहन तथा वडा नं. ६, ८ र ११ मा एम्बुलेन्सको व्यवस्था गरिएको

८. नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा ब्लड बैंक स्थापना तथा आँखा शिविर, आङ् खस्ने महिलाको उपचार लगायतका स्वास्थ्य शिविरहरु संचालन गरिएको ।

२

९. कमलामाई नगरपालिका वडा नं. ६, पानिटचांकी र वडा नं. ४, ढुङ्ग्रेवासमा कालोपत्रे सडक निर्माणको कार्य शुरु भएको र सो कार्यलाई आगामी आ.व.हरुमा निरन्तरताको साथै अन्य वडाहरुमा पनि विस्तार गरिने ।

१०. वडा नं. ६, लोकतान्त्रिकचौरमा सिन्धुली जिल्लालाई चिनाउने जुनारको स्तम्भ निर्माण कार्य सम्पन्न तथा सार्वजनिक पार्क स्तरोन्नतिको कार्य शुरु गरिएको र उद्योग वाणिज्य संघको सहकार्यमा खेल मैदानलाई उद्देश्य अनुरुप प्रथम चरणमा घेराबेरा गर्ने कार्य शुरु भएको ।

११. बसपार्क निर्माण अन्तर्गत ढलानको कार्य सम्पन्न अन्तिम चरणमा रहेको ।

१२. वडा नं. ६, माढीबजार, धुराबजार तथा वडा नं. ९, भिमानबजारमा सोलार वत्ति र सि.सि. क्यामेरा जडानको कार्य शुरु भएको ।

१३. आकस्मिक दुर्घटना कोष तथा विपत् व्यवस्थापन कोषको स्थापना गरिएको ।

१४. "स्वच्छ, सफा र समृद्ध शहर, हिमाल र तराईको मिनविन्दु कमलामाई नगर" भन्ने दिर्घकालिन सोच तय गरिएको

१५. नगरपालिकाको कार्य सम्पादनमा अत्यावश्यक ११ वटा ऐन, ४ वटा नियम र १८ वटा कार्यविधीहरु स्वीकृत गरी कार्यान्वयनमा रहेको ।

१६. नगर सरसफाईको लागी अति आवश्यक १ ट्रिपर खरिद कार्य सम्पन्न तथा सेप्टी टयांकी सफा गर्ने सक्सन टयांकी खरिदको लागी सम्झौता भई सकेको ।

१७. नगरवासीको गुनासो सुनुवाईको लागी प्रत्येक वडामा नै सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको शुरुवात गरिएको ।

१८. नगरपालिका क्षेत्रभित्र ऐलानीमा बसोबास गरेका तथा सुकुम्बासीहरुको लगत लिई अभिलेखिकरण गर्ने कार्यको शुरुवात गरिएको ।

१९. प्राविधिक शिक्षालाई विशेष प्राथमिकता दिई प्राविधिक शिक्षा संचालन गर्न लागेका मा.वि. गडौली र कमला मा.वि. सिलामे तथा संचालनमा रहेका सामुदायिक प्राविधिक शिक्षालय, नूनथलालाई भौतिक पूर्वाधार विकास तथा शैक्षिक सामाग्री खरिदका लागी अनुदान सहयोग उपलब्ध गराइएको ।

२०. नगरपालिकाका प्रत्येक वडामा कृषि तथा भेटेरिनरी प्राविधिकको व्यवस्था गरिएको ।

२१. ७ वटा वडाहरुमा मनोसामाजिक कार्यकर्ताहरु परिचालन गरिएको ।

२२. आधारभुत तहको कक्षा आठको परीक्षा नगरपालिकाबाट संचालन गर्न थालिएको ।

२३. विद्यालयहरुको मर्जर गर्दै शिक्षामा सुधारका कार्यहरु गरिएको ।

२४. सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य अनुरुप न.पा.का १३ वटा वडामा स्वास्थ्यचौकी/शहरी स्वास्थ्य क्लिनिकहरु स्थापना भई संचालनमा रहेको । १ वटा स्थापनानको क्रममा रहेको

२५. सिन्धुली अस्पताल, बसपार्क र सिन्धुली अस्पतालमा Free Wifi प्रदान गरिएको ।

२६. सूचनालाई नै पहिलो हकको रुपमा मानी नगरपालिकाको मोबाइल एप सञ्चालनमा ल्याइएको ।

२७. महिला सेफ हाउस निर्माणको प्रकृया अगाडी बढाइएको ।

२८. साप्ताहिक रुपमा मेयरसँग जनता र मेयरसँग बालबालिका रेडियो कार्यक्रम संचालन भई रहेको ।

२९. विद्युतिय ठेक्का प्रणाली (E-Bidding) सञ्चालनमा ल्याइएको ।

३०. न्यायिक समिति समक्ष दर्ता भएका ८८ वटा निवेदन मध्ये ३७ वटा फछ्र्यौट भएको, २२ जनाले तारेख छाडी बसेको र २३ वटा प्रकृयामा रहेको ।

३१. ५६५० के.जी. जैघाँस, ५८० के.जी. बर्सिम र २९८० के.जी. टियोसेण्टी घाँसको विऊ वितरण गरिएको ।

३२. ८ वटा बाखा फर्म, ९ वटा गाई फार्म र २ वटा पाडापालन फार्मलाई अनुदान उपलब्ध गराइएको तथा १ वटा मासुपसल सुधार कार्यक्रम संचालन गरिएको ।

३३. १४ वटै वडामा उन्नत जातको बोयर बोका वितरण गरिएको ।

३४. दुध दुहुने मेशिन ४ वटा, चिलिङ् भ्याट ३०० लि. १ वटा, आल्मुनियम क्यान ४० लि. २० वटा, जमुनापारी क्रस बोका ४ वटा वितरण गरिएको ।

३५. वडा नं. १, २, ९ र ११ मा पशु स्वास्थ्य शिविर संचालन गरिएको ।

३६. नगरक्षेत्र भित्रका ३३९ जनालाई सुत्केरी खाद्यान्न सहयोग कार्यक्रम उपलब्ध गराईएको ।

३७. जेष्ठनागरिकको लागि स्वास्थ्य शिविर, अल्जाईमर रोग सम्बन्धिकार्यक्रम, ५ वटा जेष्ठ नागरिक प्रतिक्षालय निर्माण तथा तीर्थाटन कार्यक्रम गरिएको ।

३८. आदिबासी जनजातीको लागि आयमुलक, जातीय पहिचान झल्कने पोषाक खरिद तथा प्लम्बर तालिम संचालन गरिएको ।

३९. विभन्न विद्यालयलाई कम्प्युटर सहयोग गरेको ।

४०. अपाङ्गहरु सम्बन्धि तथ्याङ्ग संकलन, अभिमुखिकरण तालिम र अपाङ्गमैत्री सामाग्री वितरण गरेको ।

४१. मादल मुरली जस्ता लोपोन्मुख बाजाको संरक्षण तथा प्रबर्द्धन गरिएको ।

४२. विभिन्न लक्षित वर्गहरुको लागी सिलाई कटाई तथा कम्प्युटर तालिम दिईएको ।

४३. अगुवा कृषकको लागि अध्ययन अबलोकन भ्रमण गराईएको तथा बाखाश्रोत केन्द्र संचालनको लागि सहयोग गरेको ।

४४. विपद्मा परेकाहरुको लागि जस्तापाता वितरण तथा विपदमा परि ज्यान गुम्माउनेका लागी रु. १० (दश) हजार दिने नीतिगत व्यवस्था गरिएको ।

४५. बालबालिकाहरुको लागि पोषण, शिक्षा, बालसंरक्षण कोष, जेहेन्दार विद्यार्थीहरुलाई प्रोत्साहन, खेलकुद तथा शैक्षिक सामाग्री, पोषाक, वितरण गरिएको ।

४६. स्वास्थ्यचौकी व्यबस्थापन, महिला प्रजनन् सम्बन्धि कार्यक्रम, सिपमुलक तालिम, टपरी निर्माण उद्योग संचालन, बाखा वितरण कार्यक्रम, लघु उद्यम क्षमता विकास कार्यक्रम, महिला स्वयम् सेवीकाहरुका लागि दराज दिईएको ।

४७. नगर कृषि पाश्र्व चित्र र कृषि आवधिक योजना निर्माण गरिएको ।

४८. उन्नत धानको विउ भनेर वितरण गरिएको विऊ कमसल परी कृषकहरुलाई क्षति भएकोले क्षति बापत किसानहरुलाई रु. सात लाख सात हजार दिलाउन सहजिकरण गरेको ।

४९. ५० प्रतिशत अनुदान सहयोगमा वडा नं. २, ५, ७ र ८ मा ५ वटा स्थायी तरकारी नर्सरी, सबै वडाहरुमा ३४ जनालाइृ ६० वटा प्लाष्टिक टनेल वितरण गरिएको ।

५०. १७ जनालाई हाते टचाक्टर र २३ जनालाई स्प्रेयर वितरण गरिएको ।

५१. १८ वटा प्लाष्टिक पोखरी निर्माण र १४ वटा साना सिंचाई कुलो निर्माणको कार्य संचालनमा रहेको ।

५२. १४ टन धानको विउ वितरण कार्य हुँदै गरेको छ भने वडा नं. ४ र ८ मा भूईंकटहर उत्पादन सहयोग कार्यक्रम संचालन गरिएको छ ।

५३. वडा नं. ४ र ९ मा आकस्मिक बालि उपचार शिविर संचालन गरिएको छ भने सबै वडाहरुमा लक्षित वर्गलाई तरकारी बिउ वितरण गरिएको छ ।

५४. आ.व. २०७४/०७५ मा कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास कार्यक्रम अन्तर्गत वडा नं. ६ को तरकारी बजारलाई भवन निर्माणको लागी रु. २५ लाख उपलब्ध गराइएको छ भने चालु आ.व.मा रु. १० लाख उपलब्ध गराइएको छ ।

५५. प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत आ.व. २०७४/०७५ मा वडा नं. १ मा भुईंकटहर, वडा नं. २ मा अदुवा, वडा नं. ३ मा तरकारी र जुनार, वडा नं. ४ मा तरकारी, वडा नं. ८ मा भुईंकटहर तथा वडा नं. ९ मा आलु र धान पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिएको ।

५६. आ.व. २०७४/०७५ मा वडा नं. २, ४, ५ र ११ मा माटो परिक्षण गरिएकोमा चालु आ.व.मा माटो परिक्षणको लागी नमूना संकलनको कार्य भई रहेको ।

५७. वडा नं. ७ र ८ मा ढाका कपडा सिलाई केन्द्रको स्थापना गरी वैदेशिक रोजगारीमा गई स्वदेश फर्केर सो सम्बन्धी कार्य गर्न ईच्छुक व्यक्तिहरुलाई एक घर एक ढाका तान उपलब्ध गराउने कार्यको वडा नं. ८ बाट शुरु गरिएको ।

५८. आ.व. ०७४/०७५ मा कुल आन्तरिक आय २ करोड ६५ लाख भएकोमा आन्तरिक आयको दायरालाई वृहत बनाइएको कारणबाट चालु आ.व. को हालसम्म रु. ४ करोड ३३ लाख ३१ हजार आय संकलन भई सकेको ।

खड्ग बहादुर खत्री
नगर प्रमुख
कमलामाई नगरपालिका
सिन्धुली